23 July 2024

National News

<u>मुख्य समाचार</u>

- संसदमा आज वित्तमन्त्री श्रीमती निर्मला सीतारमनले नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकालको पहिलो बजेट प्रस्तुत गर्नुभयो
- बजेटमा चार करोडभन्दा धेरै युवाहरूका लागि रोजगार अनि कौशल विकासका निम्ति पाँच योजना अनि पहलको घोषणा
- करदाताहरूलाई राहत दिँदै नयाँ कर व्यवस्थामा वेतनभोगी कर्मचारीहरूका लागि मानक कटौती पचास हजार रुपियाँबाट बढाएर 75 हजार रुपियाँ गरियो
- करपोरेट कर दर चालिस प्रतिशतबाट घटाएर 35 प्रतिशत गरियो।
- बिहार, झारखण्ड, पश्चिम बंगाल, ओडिसा अनि आन्ध्र प्रदेशको समग्र विकासका लागि पूर्वोदय योजना लागू गर्ने घोषणा
- प्रधानमन्त्रीले आम बजेट विकसित भारतको लागि हो भन्दै यसले चौतर्फी विकास सुनिश्चित गर्ने बताउनुभयो
- सर्वोच्च न्यायालयले नीट-यूजी 2024 परीक्षा रद्द गराएर फेरि आयोजना गराउन अस्वीकार गऱ्यो
- महिला एशिया कप क्रिकेटमा अहिले भारत र नेपालको भिडन्त हुँदै

<u>आम बजेट</u>

वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले आज लोकसभामा वित्त वर्ष २०२४-२५ का लागि आम बजेट प्रस्तुत गर्नुभयो। यो नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकालको पहिलो पूर्ण बजेट हो। श्रीमती सीतारमणले सातौं पटक बजेट प्रस्तुत गर्नुभएको हो।

वित्तमन्त्रीले  व्यक्तिगत आयकर दरका सम्बन्धमा नयाँ कर व्यवस्थाको विकल्प चयन गर्नेहरूका लागि दुईवटा घोषणा गर्नुभयो।

वेतन भोगी कर्मचारीको स्ट्यान्डर्ड डिडक्सन ५० हजारबाट बढाएर ७५ हजार पुऱ्याउने अनि पेन्सन भोगीहरूको परिवारिक पेन्सनमा कटौती १५ हजारबाट बढाएर २५ हजार पुऱ्याउने प्रस्ताव रहेको छ । यसले नयाँ कर प्रणालीमा लगभग चार करोड वेतनभोगी र पेन्सनभोगीहरू लाभान्वित हुनेछन्।

नयाँ कर प्रणालीमा करको दरको संरचना पनि परिमार्जन गरिएको छ । ३ लाखसम्मको आम्दानीमा कर लाग्ने छैन । तीनदेखि सात लाख रुपियाँसम्मको आम्दानीमा पाँच प्रतिशत, सातदेखि 10 लाख रुपियाँसम्मको आम्दानीमा दस प्रतिशत, 10 देखि 12 लाख सम्मको आम्दानीमा पन्ध्र प्रतिशत, 12 लाखदेखि 15 लाखसम्मको आम्दानीमा २० प्रतिशत र पन्ध्र

लाख रुपियाँभन्दा धेरै आम्दानीमा ३० प्रतिशत छ कर लगाउने प्रस्ताव रहेको छ। यसबाट नयाँ कर प्रणालीमा तलब पाउने कर्मचारीले १७ हजार ५ सय रुपियाँसम्मको आयकर बचत गर्न सक्नेछन्।

बजेटमा दुई लाख करोड रुपियाँको परिव्ययद्वारा पाँच वर्षको अवधिमा चार करोडभन्दा धेरै युवाहरूका लागि रोजगार अनि कौशल विकासको अवसर सिर्जना गर्नका लागि पाँच योजना अनि पहलको प्रधानमन्त्री प्याकेजको घोषणा गरिएको छ।

विकास आवश्यकताहरूका लागि विदेशी पूँजी आकर्षित गर्नका लागि बजेटमा विदेशी कम्पनीहरूमाथि करपोरेट कर दर चालिस प्रतिशतबाट घटाएर 35 प्रतिशत गरिएको छ।

बिहार, झारखण्ड, पश्चिम बंगाल, ओडिसा अनि आन्ध्र प्रदेशको समग्र विकासका लागि पूर्वोदय योजना लागू गर्ने घोषणा बजेटमा सरकारले गरेको छ। चालु वित्त वर्षमा आन्ध्र प्रदेशका लागि 15 हजार करोड रुपियाँको विशेष वित्तीय सहायता प्रदान गर्ने घोषणा गरिएको छ।

वित्तमन्त्रीले ग्रामीण पूर्वाधारसहित समग्र ग्रामीण विकासका लागि 2 लाख 66 हजार करोड रुपियाँको प्रावधानको घोषणा गर्नुभएको छ।

आउँदो दुई वर्षमा प्राकृतिक खेतीमा एक करोड किसानलाई सामेल गर्ने योजना बजेटमा रहेको छ।

जनजाती समुदायको सामाजिक-आर्थिक स्थितिको सुधारका लागि सरकारले प्रधानमन्त्री जनजातीय उन्नत ग्राम अभियान सञ्चालन गर्नेछ।

प्रधानमन्त्री आवाज योजना शहरीको दोस्रो चरणमा सरकारले एक करोड शहरी गरिब अनि मध्य वर्गीय परिवारहरूलाई आवास आवश्यकता पूरा गर्नका लागि दस लाख करोड रुपियाँ निवेश गरिनेछ।

## प्रधानमन्त्री बजेट

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले केन्द्रीय बजेट २०२४-२०२५ विकसित भारतका लागि हो भन्दै भन्नुभएको छ, यसले चौतर्फी विकास सुनिश्चित गर्नेछ। यसले समाजको प्रत्येक वर्गलाई फाइदा पुऱ्याउनेछ र विकसित भारतको लागि मार्ग प्रशस्त गर्नेछ।

श्री मोदीले बजेटले नयाँ अवसर, नयाँ ऊर्जा, नयाँ रोजगारी र स्वरोजगारका अवसरहरू लिएर आएको बताउनु भयो। देशलाई विकासको नयाँ उचाइमा पुऱ्याउने बजेटका लागि प्रधानमन्त्रीले सबै नागरिकलाई बधाई दिनु भएको छ।

मन्त्री-रेल बजेट

केन्द्रीय रेल मन्त्री श्री अश्विनी वैष्णवले केन्द्रीय बजेट 2024-25 मा रेलवेका लागि गरिएको आवन्टनलाई ऐतिहासिक बताउनु भएको छ। श्री वैष्णवले भन्नुभएको छ, रेलवेका लागि बजेटमा अहिलेसम्मकै सबैभन्दा धेरै 2 लाख 62 हजार 200 करोड़ रुपियाँ आवन्टन गरिएको छ। उहाँले यसबाट रेलवेका योजनाहरूलाई प्रोत्साहन प्राप्त हुने बताउनु भयो।

वित्त मन्त्री - विधेयक

वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले आज लोकसभामा वित्त विधेयक 2024 प्रस्तुत गर्नुभयो। केन्द्रीय बजेट २०२४-२५ प्रस्तुत गरेपछि उहाँले वित्त विधेयक सदनमा प्रस्तुत गर्नुभएको हो।

वित्तमन्त्रीले आर्थिक वर्ष २०२४-२५ का लागि केन्द्र शासित प्रदेश जम्मू कश्मीरको स्वीकृत प्राप्ति र व्ययको विवरण पनि सदनमा प्रस्तुत गर्नुभयो।

यसपछि लोकसभा अध्यक्ष श्री ओम बिरलाले सदनको कार्यवाही दिनभरिका लागि स्थगित गर्नुभयो।

राज्यसभामा कार्यवाहीको प्रारम्भमा, वित्तमन्त्रीले केन्द्रीय बजेट २०२४-२५ को प्रतिलिपि सदनमा राख्नु भयो। उहाँले केन्द्र शासित प्रदेश जम्मू कश्मीरको स्वीकृत प्राप्ति र खर्चको विवरण पनि प्रस्तुत गर्नुभयो।

त्यसपछि सभापति श्री जगदीप धनकडले सदनको कार्यवाही दिनभरिका लागि स्थगित भएको घोषणा गर्नुभयो।

सर्वोच्च न्यायालय-नीट

सर्वोच्च न्यायालयले नीट-यूजी 2024 परीक्षा रद्द गराउने अनि यसलाई फेरि आयोजना गर्न आदेश दिन आज अस्वीकार गरेको छ। मुख्य न्यायाधीश न्यायमूर्ति डीवाई चन्द्रचूड, न्यायमूर्ति जेबी पारदीवाला अनि न्यायमूर्ति मनोज मिश्राको पीठले यस सम्बन्धमा दायर गरिएका याचिकाहरूको सुनवाई गर्दै आज यस्तो निर्णय सुनाएको हो।

शीर्ष न्यायालयले भनेको छ, प्रश्न पत्र लिक भएको थियो भन्ने प्रमाणित गर्न कुनै ठोस प्रमाण छैन अनि परीक्षा सञ्चालनमा प्रणालीगत त्रुटीहरू थिए जसले पूरै परीक्षाको सुचिता प्रभावित भए भन्ने प्रमाणित हुदैन।

न्यायालयले फेरि परीक्षा गराउँदा गम्भीर परिणाम हुने बताउँदै यसो गर्दा 23 लाखभन्दा धेरै विद्यार्थी प्रभावित हुने र शैक्षणिक कार्यक्रम बाधित हुने बताएको छ।

जल जीवन मिशन

सरकारले राष्ट्रिय जल जीवन मिशन अन्तर्गत देशभरिका १५ करोड ग्रामीण परिवारलाई नलबाट पानी उपलब्ध गराएको बताएको छ, जुन ठूलो उपलब्धि हो। मिशन अन्तर्गत, यो काम द्रुत गतिमा भएको छ।  2019 र 2024 बीचको पाँच वर्षको अवधिमा 15 करोड ग्रामीण परिवारलाई नलबाट जल प्रदान गरिएको छ।

अस्ट्रिया-ओपन

अस्ट्रिया ओपन टेनिस टूर्नामेन्टमा सुमित नागल प्री-क्वार्टर फाइनलमा पुगेका छन्। उनले स्लोवाकियाका लुकास क्लेनलाई पराजित गरेर प्री-क्वार्टर फाइनलमा प्रवेश गरेका हुन् । भोलि प्री-क्वार्टर फाइनलमा उनको भिडन्त चौथो वरीयता प्राप्त स्पेनका पेड्रो मार्टिनेजसित हुनेछ।

महिला एशिया कप क्रिकेट

महिला एशिया कप क्रिकेटको ग्रुप-ए को खेल अन्तर्गत अहिले श्रीलंकाको दाम्बुलामा भारत र नेपालको खेल शुरु भएको छ। ताजा समाचार अनुसार टस जितेर भारतले पहिला ब्याटिङ गरिरहेको छ।

यसभन्दा अघि आज दिउँसो भएको खेलमा पाकिस्तानले संयुक्त अरब अमीरातलाई 10 विकेटले पराजित गरेको थियो।